"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दमक-झापा

## १ नं प्रदेश, नेपाल

### दमक नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### दमक झापा

सेवा करारमा सुपरिवेक्षक र गणक पदपूर्ति गर्ने सम्बन्धी सूचना

(Website मा प्रथम पटक प्रकाशित मिति २०७८/०८/१४)

प्रस्तुत विषयमा **भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रशासन, सहकारी तथा गरिवी निवारण महाशाखाको च.नं ८५ मिति २०७८।०७।०८ को प्राप्त पत्रानुसार सो मन्त्रालयको चालु आर्थिक वर्षमा संचालन हुने गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालनका लागि यस** दमक **नगरपालिकामा गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्न २०७९ साल आषाढ मसान्तसम्म बढीमा ५ महिनाका लागि गणक र सुपरिवेक्षक** सेवा करारमा खुला प्रतियोगिताद्धारा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ।

| क.स. | विज्ञापन नं. | किसिम | पद | सेवा | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७८/०७९ | खुला | सुपरिवेक्षक | करार | सहायक स्तर पाँचौं | २ जना | |
| २. | २/०७८/०७९ | खुला | गणक | करार | सहायक स्तर चौथो | १४ जना | |

परिक्षाको किसिम : सर्टलिष्ट, लिखित र अन्तर्वाता। (सर्टलिष्टमा शैक्षिक योग्यता, स्थायी ठेगना, अनुभव तथा कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञानको मुल्याङ्कन गर्दा कम्तिमा ५० प्रतिशत अंक प्रप्त गर्ने आवेदकलाई मात्र लिखित परिक्षामा समावेस गरिने छ।
परिक्षा केन्द्र : दमक नगरपालिका, झापा।
परिक्षा दस्तुर : सुपरिवेक्षकको लागी रु. ५,००/- र गणकको लागी रु. ४,००/- बुझाउनु पर्ने छ।
दरखास्त दिने अन्तिम मिति : २०७८/०८/२० गते सम्म।
दरखास्त दस्तुर बुझाउने स्थान : दमक नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने छ।
उम्मेदवारको उमेरको हद : २०७८।०८।२० गते सम्म १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्ने छ।
दरखास्त फारम र बुझाउने स्थान : लोकसेवा आयोगको निवेदनको ढाँचामा दमक नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने छ।
परिक्षा मिति : संक्षिप्त सूचीको नतिजा प्रकाशन गर्दा तोकिने छ।
पदमा रही गर्नुपर्ने कामको विवरण : **गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५** बमोजिम।
तलब सुविधा :गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम।

१. आवश्यक न्यूनतम योग्यता र कागजात :–

(क) सुपरिवेक्षक , सहायकस्तर पाँचौं तहका लागि :–

- नेपाली नागरिक भएको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको।
- उमेर १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।
- स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने।
- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको।
- मोवाईल ट्याव चलाउन जान्ने हुनुपर्ने छ।

(ख) गणक , सहायकस्तर चौथो तहका लागि :–

- नेपाली नागरिक भएको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
- उमेर १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।
- स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने।
- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको।
- मोवाईल ट्याव चलाउन जान्ने हुनुपर्ने छ।

दमक नगरपालिका